आज मिति २०८२ असार २ गते सोमबार दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशिल बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा <u>चालु आ.व. २०८१/०८२</u> को उन्नाइसौ गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियोः

## उपस्थितिः

| क्र. सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री डवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १०. | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५. | गोविन्द बस्नेत | स.क.अ. | |

प्रस्तावहरु!

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा ।

२. गाउँ सभा मिति तय सम्बन्धमा

३. उत्कृष्ट फलफूल उत्पादक कृषक छनौट सम्बन्धमा

४. ख्वालडाँडा खानी धाउँलानी सडक स्तरोन्नती प्रस्ताव सम्बन्धमा ।

५. तिमिल्टार उर्जा प्रा.लि.ले निर्माण गरेको स्थानीय सेयर सम्बन्धमा

६. एम.सि.ज्युद्वारा गाडिएका जेल विद्युत लाईन पोल सम्बन्धमा ।

७. नर्सरी स्थापना कार्यक्रममा विनियोजित रकम रकमान्तर सम्बन्धमा

८. रोजगार ३० सं.०को भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ जेष्ठ ८ गते बसेको १८ औं कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा आ.व. २०८२/०८३ को निति तथा कार्यक्रम सभामा पेश गर्नका लागि १४ औं गाउँ सभा तपशिलको मिति, समय र स्थानमा संचालन गर्ने निर्णय गरियो:

**तपशिल:**

मिति: २०८२ असार ९ गते (सोमबार)
समय: बिहान ठिक ११:३० बजे
स्थान: गाउँपालिका सभाहल

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा गाउँपालिकाको ५ वटै वडा भित्र रहेका फलफुल उत्पादन गर्ने किसानहरु लाई उत्कृष्ट किसान पुरस्कृत कार्यक्रम संचालन गर्नका लागि ५ जना कृषकहरुको सूची कृषि शाखाबाट छनौट गरि यस गाउँपालिका कार्यालयमा पेश गर्ने र सोही बमोजिम आएको सूची अनुसार पुरस्कृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा वडा नम्बर २ मा संचालित च्यानडाँडा खानी धाउखानी सडक स्तोन्नती कार्य गर्नका लागि श्री पिके देम्बा कन्स्ट्रक्सन, मध्यपुर थिमी, भक्तपुर सँग सम्झौता भएको र मिति २०८२ जेष्ठ २९ गतेसम्म कार्य सम्पन्न गरिसक्नु पर्ने सम्झौता भए बमोजिम उक्त म्याद थप गरिदिन हुन् भनि मिति २०८२/०२/२८ गतेको निर्माण कम्पनीको म्याद थप निवेदन र वडा नं. २ को कार्यालयको सिफारिस बमोजिम उक्त सडक स्तरोन्नती कार्य सम्पन्न गर्नका लागि २०८२/०३/१५ गतेसम्मको लागि म्याद थप गर्ने निर्नय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका वडा नं. १ र २ साविकको गोली गा.वि.स. मा संचालन भएको हिमस्टार ऊर्जा प्रा.लि.ले प्रभावित क्षेत्रका स्थानीयहरुलाई स्थानीय शेयर (IPO) निष्काशनको सूचना प्रकाशन गरेको, उक्त हिम स्टार ऊर्जा प्रा.लि. को PPA र EIA प्रतिवेदनमा साविकको गोली गा.वि.स. हालको २ नं वडा को स्थानीयका लागि मात्र शेयर भर्नका लागि उक्त हाइड्रोपावार निर्माण कम्पनीले सूचना प्रकाशन गरेको, साविकको गोली गा.वि.सं. हालको वडा नं. १ समेत छुट्न गएको हुँदा उक्त गोली गा.वि.स. वडा नं. १ र २ लगायत पुरै लिखु पिके गाउँपालिका नै प्रभावित क्षेत्र भएकाले सोही अनुसार यस लिखु पिके गाउँपालिका भित्रका सबै नागरिकले भर्न मिल्ने गरि स्थानीय शेयर (IPO) वितरण गर्नका लागि नेपाल धितो पत्र बोर्डमा अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र संचालित एम.भि. दुगड ग्रुपद्वारा निर्माण गरिएका हाइड्रोपावरहरु संचालन गर्नका लागि रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका वडा नं.१ गर्जाङबाट ल्याइएको ३३ के.भि.ए. लाईन हाल आएर सबै परियोजनाहरुको काम अन्तिम चरणमा पुगेको उक्त लाइनको पोल र तार उक्त हाइड्रोपावर कम्पनीद्वारा हटाउँन लागेको र उक्त पोल र तार लिखु पिके गाउँपालिका भित्र केन्द्रीय विधुतिय लाइन प्रशारण जडानको लागि आवश्यक रहेको हुँदा यस वडा नं. ३ को खाप्टेल देखि उमाकुण्ड गा.पा. वडा नम्बर २ भण्डारको सव-स्टेशनसम्मको पोल र तार गाउँपालिकाको सामाजिक उत्तरदायित्व अन्तर्गत ग्रामिण विधुतीकरणबाट प्राप्त हुने रकमबाट कट्टा हुने गरि माग गर्ने निर्णय गरियो।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत नर्सरी स्थापना कार्यक्रम शिर्षकमा विनियोजित रकम रु. २,००,०००।– (दुई लाख) लाई तपशिल बमोजिम रकमान्तर गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

| क्र.सं. | साविकको शिर्षक/रकम | रकमान्तर गरिने शिर्षक | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नर्सरी स्थापना कार्यक्रम | अध्यक्ष कप खेलकुद प्रतियोगितामा सहभागी खर्च | १,००,०००।- | |
| | | तिङ्ला भलिबल प्रतियोगितामा सहभागी | ५०,०००।- | |
| | | कुम्बुकास्थली भलबिल प्रतियोगिता सहभागी | ५०,०००।- | |
| | | | | |

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस लिखु गाउँपालिका रोजगार सेवा केन्द्रद्वारा वडा नम्बर १ मा संचालित घुर्मिसे नागथान सडक सोलिङ तथा यर्माखु राम्से गोरेटो बाटो निर्माण रोजगार उपभोक्ता समितिको प्राविधिक स्टामेट २ वटा भएको, उक्त योजनाको स्टामेट २ वटा भएतापनि एउटै समितिसँग सम्झौता भएको र निर्माण कार्य समेत सोही उपभोक्ता समितिबाट भएको हुंदा घुर्मिसे नागथान सडक सोलिङ तथा यर्माखु राम्से गोरेटो बाटो निर्माण रोजगार उपभोक्ता समितिको नाममा नै प्राविधिक अन्तिम भुक्तानी बिलका आधारमा भुक्तानी दिने निर्णय गरियो ।